**मिति २०७८ साल साउन ७ गते बिहीबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको पहिलोबैठकमा भएका प्रस्ताव तथा निर्णयहरु**

<u>प्रस्ताव तथा निर्णयहरु</u>

**१ आ.व. २०७७/०७८ को वार्षिक समिक्षासम्बन्धमाः**

प्रस्तावनं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०७७/०७८ को वार्षिक कार्यक्रम तथा योजनाहरु सन्तोषजनक रुपमा सम्पन्न भएको र कार्यक्रम तथा योजना सञ्चालनमा भएका, देखिएका कमीकमजोरीहरुलाई आगामि दिनहरुमा सुधार गर्दै जाने, प्रभावकारी रुपमा निर्धारित समयमा योजना सम्पन्न गर्नको लागि उपभोक्ता समिति गठन गर्ने गराउने, समयमा प्राविधिक लगत स्टमेट तयारी गर्ने गराउने, प्राविधिकहरुलाई समयमा परिचालन गर्ने गराउने,अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने, विषयगत शाखाले त्रैमासिक रुपमा कार्य योजना बनाई कार्यान्वयन गर्ने र सो को प्रतिवेदन सम्बन्धित शाखामा पेश गर्न लगाउने निर्णय गरियो ।

**२. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौटसम्बन्धमा :**

प्रस्ताव नं . २ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमको आयोजनाहरुको योजना बैंक बनाउने निर्णय गरियो ।

ऐसेलुखर्कगाउँपालिका-१, राखा

| क्र.स. | योजनाको नाम |
|---|---|
| १ | लिदिङ खोला अधनी राखा वाङ्देल सडक सोलिङ |
| २ | साल्मे डाँडा रुकुपाई गोरेटो बाटो मर्मत |
| ३ | गुँगुर खोला हारा सिचाई कुलो मर्मत |

ऐसेलुखर्कगाउँपालिका-२, बाकाचोल

| क्र.स. | योजनाको नाम |
|---|---|
| १ | ऐसेलुखर्क बाकाचोल बादेल सडक स्तरोन्नती |
| २ | फुर्के रुख कुवापानी पदमार्ग मर्मत |
| ३ | पारा सिचाई कुलो मर्मत |

ऐसेलुखर्कगाउँपालिका-३, ऐसेलुखर्क

| क्र.स. | योजनाको नाम |
|---|---|
| १ | देशारे चित्रे बाल्जीखोला सडक सोलिङ |
| २ | ऐसेलुखर्क बगाले लाल बौद्द ओडारे सडक सोलिङ |
| ३ | हटिया गैराघर सडक सोलिङ |

ऐसेलुखर्कगाउँपालिका-४, जलेश्वरी

| क्र.स. | योजनाको नाम |
|---|---|
| १ | पैरे रमिते सरस्वती प्रा.वि. सम्म सडक सोलिङ |
| २ | बलंगा बाबियोखर्क देम्लीटार सडक मर्मत तथा नाली निर्माण |

| | |
|---|---|
| ३ | मेख खोला काठेपुल निर्माण |
| ४ | कात्तिके भुमेथान सरस्वती प्रा.वि. गोरेटो बाटो मर्मत |
| ५ | पैरे कटुन्जे मसान घाट जाने बाटो मर्मत |
| ६ | वडा कार्यालयदेखि रमिते डाँडासम्म गोरेटो बाटो मर्मत |
| ७ | बाबियोखर्कदेखि काउलेडाँडासम्म गोरेटो बाटो मर्मत |
| ८ | माभा बतासे चुचेपुल सडक मर्मत |
| ९ | सिम्लेदेखि तोसीखोम जाने सडक मर्मत |
| १० | माभा माझागाउँ सडक मर्मत |
| ११ | त्रिभुवन प्रा.वि. घेराबार |

ऐसेलुखर्कगाउँपालिका-५, महेश्वरी

| **क्र.स.** | **योजनाको नाम** |
|---|---|
| १ | चापफेद वडा कार्यालय हुँदै मेकु खोला सडक सोलिङ |
| २ | ढोढेनी फुटबल मैदानदेखि फापरश्वारा सडक सोलिङ, ग्याविन वालनिर्माण |
| ३ | वनगाउँ सडक सोलिङ |
| ४ | सिम्ले छेउ रमाइलो खोला ग्याविन वाल निर्माण |
| ५ | वनगाउँ चोकटी सडक सोलिङ |
| ६ | गंगा प्रा.वि. देखि पातलसम्म सडक सोलिङ |
| ७ | प्रच्युदेलदेखि फटाक्सीसम्म खानेपानी पाईप खरिद तथा मर्मत |
| ८ | अधेरी खोला मुहान मै साक्लेसम्म कुलो निर्माण तथा मर्मत |

ऐसेलुखर्कगाउँपालिका-६, ज्यामिरे

| **क्र.स.** | **योजनाको नाम** |
|---|---|
| १ | टाटेखर्क सल्ले नेपाने ढुम्रे सडक सोलिङ |
| २ | सूर्यज्योती आ.वि. सल्ले सपोर्टिङ वाल निर्माण |
| ३ | फापरश्वरा माथिल्लो सल्ले सडक सोलिङ |
| ४ | माथिल्लो सल्लेदेखि तल्लो सल्लेसम्म सडक सोलिङ |
| ५ | नेपाने वैध्यगाउँसम्म सडक सोलिङ |
| ६ | ज्यामिरे ढाँडेदेखि जोरधारासम्म सडक सोलिङ |
| ७ | कालिका आ.वि.-राम्चेभिर सडक सोलिङ |
| ८ | वडा कार्यालयदेखि चिलाउने डाँडासम्म सडक सोलिङ |
| ९ | आहाले-धुल्पुर सडकखण्ड सडक सोलिङ |
| १० | वडा कार्यालयदेखि काभ्रे देउसी सामुदायिक भवनसम्म सडकनिर्माण |
| ११ | जमुनाबोटे मुहान साविक सल्ले १ र २ सम्म सिंचाइ कुलो मर्मत |
| १२ | कालिखोला नेपाने सिंचाइ कुलो मर्मत |

ऐसेलुखर्कगाउँपालिका-७, माक्पा

| क्र.स. | योजनाको नाम |
|---|---|
| १ | रातमाटे भदौरे सडक सोलिङ |
| २ | नोरुङ देशारे गोरेटो बाटो मर्मत |
| ३ | ह्वाङखोला- रिस्लाङ्गु गोरेटो बाटो मर्मत |
| ४ | माक्पा मा.वि. घेराबार |
| ५ | लुम्दु कभर्टहल बस्ने ठाउँ निर्माण |
| ६ | सपनेश्वर मन्दिर पैदल मार्ग स्तरोन्नती |
| ७ | माक्पा दमै गाउँ गोरेटो बाटो स्तरोन्नती |
| ८ | रातमाटे चईन्टार सडक स्तरोन्नती |
| ९ | चईन्टार लेवा नोरोङ सडक स्तरोन्नती |
| १० | बेप्ला अदनी गोरेटो बाटो स्तरोन्नती |
| ११ | माक्पा नोरोङ सडक स्तरोन्नती |
| १२ | नोरोङ लेवा चईन्टार गोरेटो बाटो स्तरोन्नती |
| १३ | ईलिम माक्पा लुम्दु गोरेटो बाटो स्तरोन्नती |
| १४ | लिदिङखोला बेप्ला सडक स्तरोन्नती |
| १५ | वडा कार्यालय परिसर स्तरोन्नती |
| १६ | चन्द्र कन्या प्रा.वि. घेराबार |
| १७ | जालपा प्रा.वि. घेराबार |
| १८ | कालिका प्रा.वि. घेराबार |
| १९ | भानु आ.वि. घेरावार |
| २० | मानुका आ.वि. घेराबार |
| २१ | जनचेतना प्रा.वि. घेराबार |
| २२ | रावाखोला चईन्टार देविथान गोरेटो बाटो स्तरोन्नती |
| २३ | देविथान भुमेथान मर्मत |

**३. करार सेवासम्बन्धमा :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँकार्यपालिकाका विभिन्न शाखा अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुमागाउँ प्रहरीमा कार्यरत तीन जना गाउँ प्रहरीमध्ये टिकाराम राई र राजेश पोखरेलको कार्य सम्पादन सन्तोषजनक नभएकोले साउन १५ गतेदेखि लागू हुनेगरी सेवाबाट हटाउने र उक्त सेवाको लागि दुई जना महिला र दुई जना पुरुष खुला प्रतिष्पर्धाको माध्यमबाट करार सेवामा लिने,ब्याक हो लोडर चालक केशव निरौलालाई श्रावन महिनासम्म करार सेवमा राख्ने र मिति २०७८/०५/०१ गतेदेखि लागू हुने गरी सेवाबाट हटाउने, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखामा

कार्यरत सोम प्रसाद घिमिरे र सन्तोष घिमिरेको कार्य सम्पादन सन्तोषजनक नभएकोले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६), परिच्छेद ४ को ४.२ (ङ) सँग सम्बन्धित सेवा इकाईको लागि जनशक्ती छनौट सम्बन्धी मापदण्ड, २०७६ को दफा १८ कमोजिम करार सेवा रद्द गरी पदबाट हटाउने र दफा १९ बमोजिम पद रिक्त मानि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरबार, काठमाण्डौंबाट स्वीकृति लिई सो दरबन्दीमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संशोधन, २०७६), परिच्छेद ४ को ४.२ (ङ) सँग सम्बन्धित सेवा इकाईको लागि जनशक्ती छनौट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम नयाँ पदपूर्ति गर्ने साथै गाउँपालिकाको लागि एक जना महिला कार्यालय सहयोगीको दरबन्दी सिर्जना गर्ने निर्णय गरियो ।

**४.प्रोत्साहन भत्तासम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँकार्यपालिकामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई तपसिल बमोजिमकै सुरु तलब स्केलको हुन आउने दरमा मिति २०७८/०४/०१ गतेदेखि लागू हुने गरी कर्मचारी प्रोत्साहन भत्ता शीर्षकबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

१.प्रमुख प्रशासकीय अधिकृत -१ जना -१०० प्रतिशत
२. लेखापाल -१ जना -१०० प्रतिशत
३. योजना शाखा प्रमुख -१ जना -५० प्रतिशत
४. रोजगार संयोजक -१ जना -५० प्रतिशत
५. कार्यलय सहयोगी -१ जना - ५० प्रतिशत

**५. शिक्षण सिकाई अनुदानको कोटा वितरण सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाभित्र सञ्चालित तपसिलका विद्यालयहरुमा गाउँपालिकाबाट राहत शिक्षक अनुदान दिदैं आएकोमा आ.व. २०७८/०७९ को लागि संघीय सरकारको ससर्त अनुदान शिक्षण सिकाई अनुदान कोटा प्राप्त भएको हुँदा विगत वर्ष कायम भएका राहत कोटा समेतलाई समायोजन गरी तपसिलका विद्यालयहरुलाई तपसिल बमोजिमको कोटा कायम गर्ने सर्व सम्मत निर्णय गरियो ।

**तपसिल**

**मा.वि. तर्फ**

१. जालपा मा.वि. - २ वटा- मा. तृ.
२. सिम्ले मा.वि. -२ वटा- मा. तृ.
३. कालिका बालविकास मा.वि.-१ वटा- मा.दितिय
४. शान्तोदय मा.वि.- २ वटा- मा. तृ.

**नि.मा.वि.तर्फ**

१. सिद्दकन्या आ.वि राखा वाङ्देल -२ वटा- नि.मा. तृ.
२. बौद्ध आ.वि. बाकाचोल - १ वटा- नि.मा. तृ.
३. लाल बौद्ध आ.वि. ऐसेलुखर्क - १ वटा- नि.मा. तृ.
४. मयूर आ.वि. महेश्वरी - २ वटा- नि.मा. तृ.

साथै, जनहित प्रा.वि. राखालाई दिइदै आएको मासिक रु.१५,०००/- का दरलाई निरन्तरता दिदै ०७९ आषाढसम्मका लागि शिक्षक तलब भत्ता शीर्षकबाट भुक्तानी दिने गरी निकासा दिने निर्णय गरियो ।

**६. जेनेरेटर खरिद गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कको लागि विपद कोषबाट बेहोर्ने गरी रु. ५ लाखसम्मको जेनेरेटर खरिद गर्ने निर्णय गरियो ।

**७. सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा हाल वर्षाको कारण क्षती हुन गएको सदरमुकामदेखि पालिका जोडिएको मुख्य सडकहरुको मर्मत सम्भार गर्न गाउँपालिकाको मर्मत सम्भार कोषबाट रु.५,००,०००/- (पाँच लाख रुपैयाँ) नबढ्ने गरी खर्च गर्ने निर्णय गरियो ।

**मिति २०७८ साल भाद्र २३ गते बुधबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको दोस्रोबैठकमा भएका प्रस्ताव तथा निर्णयहरु**

**<u>प्रस्ताव तथा निर्णयहरु</u>**

**१ १५ शैया अस्पतालको डि.पि.आर. अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा १५ शैया अस्पताल निर्माणको डि.पि.आर. तयार गर्न श्री Grid Nepal Design Associates pvt. Ltd/ Raj Engineering Consaltant Pvt. Ltd काठमाडौ र ऐसेलुखर्क गाउँपालिकाबीच सम्झौता भई कम्पनीले तयार गरी बुझाएको डि.पि.आर. निर्माण प्रतिवेदन रु. १८,००,००,०००/- ( अक्षरुपी रु. अठार करोड रुपैयाँ मात्र) सीमाभित्र रहीटेन्डर प्रक्रिया अगाडि बढाउने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**२. ईको हिमालसँग लागत साझेदारी सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा ईको हिमाल र ऐसेलुखर्क गाउँपालिकाबीच ५०/५० प्रतिशत लागत साझेदारी गरी ईको हिमालको रु. ४,५५,०००/- (अक्षेरुपी चार लाख पच्पन्न हजार रुपैयाँमात्र) र ऐसेलुखर्क गाउँपालिकाको समपूरक कोष (लागत साझेदारी) बजेट शीर्षकबाटरु. ४,५५,०००/- (चार लाख पच्पन्न हजार रुपैयाँ मात्र) गरी जम्मा रु. ९,१०,०००/- (अक्षेरपी नौ लाख दश हजार रुपैयाँ) रकम बराबरको कोभिड प्रभावित २७ वटा आधारभूत विद्यालयहरुलाई फोटोकपि, प्रिन्टर र स्क्यानर सहितको थ्री ईन वन फोटोकपि मेसिन खरिद गरी प्रदान गर्ने सर्वसम्मति निर्णयगरियो।

**३. पशु स्वास्थ्य सेवाको निःशुल्क औषधी वितरण सूची निर्धारण सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिकाको पशु सेवा शाखाबाट वितरण हुने तपसिल बमोजिमको ८ (आठ) किसिमका औषधी निःशुल्क वितरण गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**पशुपन्छीकोलागी निःशुल्क वितरण हुने औषधिको सूचि**

| | | |
|---|---|---|
| 1 | Minor surgical treatment माप्रयोग हुने औषधिहरु | povedine iodine/iodene Tincture/Himex ountment/ cotton/ Terpintine oil /Salfonamax powar/Alum/Bandage आदी |
| 2 | Antidiarrhoeal औषधि | cotrimoxazol /Metronidazole आदि |
| 3 | Laxative/purgative | magnesim sulphate आदि |
| 4 | Diuratictic औषधिहरु | Furcimide आदि |
| 5 | Antiallergic | Chlorpheniramine maleate आदि |

| | | |
|---|---|---|
| 6 | Analgesic/Antipyretic | Meloxicam/paracetamol आदि |
| 7 | बाह्यपरजिवी नियन्त्रणको लागी | सिफारिस गरिएका औषधिहरुTikout आदी |
| ८ | कुकुराको सामान्य Antibiotic | Neomycin and Doxycycline |

**४. करार कर्मचारी नियुक्ती सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका कृषि तथा पशु सेवा शाखा अन्तर्गत एक वडा एक पशु सेवा प्राविधिकको नीति अनुरुप एक जना पशु सेवा प्राविधिक (चौथो तह) करारमा नियुक्ति गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**५. ऐसेलुखर्क गाउँपालिकाको शाखागत इकाई तथा फोहोर व्यवस्थापन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका ऐसेलुखर्क गाउँपालिकाको शाखागत इकाईलाई गाउँपालिकाको कार्यालय भवन नजिक रहेको सामाजिक गुठी, उद्योग वाणिज्य महासंघ रहेको भवनमा सार्ने तथा वडा नं. ३ अन्तर्गत पर्ने ऐसेलुखर्क बजार क्षेत्रको फोहोर व्यवस्थापन गर्न होटल व्यवसायी, थोक तथा खुद्रा व्यापारी, गुठी समाज, उद्योग वाणिज्य संघ, कपडा पसल बजार व्यवस्थापन समिति लगायत सरोकारवालाहरुलाई बोलाई फोहोर व्यवस्थापन सम्बन्धमा उपयुक्त डम्पिङ साइडको पहिचान गर्ने र दर निर्धारण गर्न छलफल गर्ने र सोही बैठकको निर्णयलाई गाउँपालिकाले भार नबेहोर्ने गरी गाउँपालिकाले कार्यान्वयन लैजाने निर्णय गरियो ।

**६. वडागत उपभोक्ता समिति गठन सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को लागि ऐसेलुखर्क गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएका योजनाहरु सञ्चालन गर्नको लागि प्रत्येक वडाले मिति २०७८ साल असोज १५ गतेभित्र सम्पूर्ण योजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गरी प्राविधिक लगत इष्टामेट तयार गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो ।

**७. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा प्रधानमन्त्री रोगजार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्ने सशर्त अनुदान रकम नेपाल सरकारबाट प्राप्त हुने रु. २०,७४,०००/- र आइ.डि.ए. बाट प्राप्त रु.३८,००,०००/- रकम योजना बैंकमा रहेका प्राथमिकिकरणमा रहेका वडागत योजनाहरुमध्येबाट छनौट गरी १०० दिनको रोजगारी दिने गरी सर्वसम्मत रुपमा विनियोजन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

**क नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रु. २०,७४,०००/-**

वडा नं. ५- १५ जना- रु.८,६५,५००/-

वडा नं. ७ - २१ जना- रु.१२,०८,५००/-

**ख. आइ.डि.ए. बाट प्राप्त सशर्त अनुदान रु.३८,००,०००/-**

वडा नं. १- ११ जना- रु. ७,५०,०००/-

वडा नं. २- १० जना- रु.५,७७,०००/-

वडा नं. ३- १५ जना- रु.८,६५,५००/-

वडा नं. ४- १२ जना- रु.६,९२,४००/-

वडा नं. ६- १० जना- रु.५,७७,०००/-

ऐसेलुखर्क माक्पा रावा खोला सडक मर्मत तथा स्तरोन्नती– ६ जना- रु. ३,३८,०००/-

**८.रकम भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा मान्य अवधि रहदाँ पनि नसाटिएका तपसिल अनुसारका चेक र चेक रकमको भुक्तानी विविध खर्च शीर्षकबाट भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियोः

<u>तपसिल</u>

१. गौतमबुद्द राई- ४७,०९०/-

२. सोम कुमार राई- १०,४००/-

**९. शिक्षा समितिको बैठक अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७८ साल भाद्र ८ गते गाउँ शिक्षा समितिबाट यस ऐसेलुखर्क गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरु भाद्र १० गतेदेखि भौतिक रुपमा सञ्चालन गर्ने गरी गरेको निर्णयलाई गाउँ कार्यपालिकाको बैठकबाट सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

**१०. रकम रकमान्तर सम्बन्धमा**

प्रस्ताव नं. १० माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा विपद व्यवस्थापन कोषमा विनियोजित रकम मध्ये रु.१०,००,०००/- (अक्षरुपी दश लाख रुपैयाँ मात्र) कोभिड-१९ रोकथाम तथा नियन्त्रण कोषमा रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

**११. स्काभेटर सञ्चालन खर्च सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा स्काभेटर सञ्चालन सम्बन्धमा विगतमा प्रतिघण्टा प्रणालीमा भुक्तानी दिने भनि भएको निर्णय खारेज गरी यस आ.व. बाट प्राविधिक शाखाको प्राविधिक ईष्टामेट तथा मूल्याङ्कन बमोजिममात्रै रकम भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो ।

**१२. लगत कायम सम्बन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ५ बस्ने जवर धन राईको नातिनी रुद्र बहादुर राईको छोरी वर्ष ७२ को उत्र कुमारी राईले सामाजिक सुरक्षा भत्ताको लागि आ.व. २०७७/०७८ मा बैंक खाता खोल्न नसकेको र MISप्रणालीमा लगत कट्टा भएकोले यस आ.व. २०७८/०७९ बाट कायम हुने गरी MIS प्रणालीमा लगत कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

**१३. नावा लिदुङ खोला लघु जलविद्युत आयोजनाको कुलो मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. १, राखावाङ्देलमा सञ्चालनमा रहेको नावा लिदुङ खोला लघु जलविद्युत आयोजनाको कुलो वर्षाको कारण क्षेती भएकोले उक्त कुलो मर्मत तथा पुनर्निर्माणको लागि विपद शीर्षकबाट रु. २,००,०००/- (अक्षरपी दुई लाख रुपैयाँ मात्र) नियमानुसार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**१४. प्रा.स्वा. केन्द्रको विभिन्न सेवा शुल्क सम्बन्धमा ।**

प्रस्ताव नं. १४ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्रबाट सम्पूर्ण सेवाहरु निःशुल्क प्रदान गरिदै आएकोमा विभिन्न प्राविधिक कठिनाई तथा कार्यान्वयन र सञ्चालनमा बाधा आई परेको हुदाँ OPD सेवा दस्तुर रु.२०/- (अक्षेरुपी बीस रुपैयाँमात्र), ईमर्जेन्सी सेवा दस्तुर रु.५०/- (अक्षेरुपी पचास रुपैयाँ मात्र) र ऐम्बुलेन्स सेवा सञ्चालनतर्फ कोभिड-१९ पोजिटिभ विरामी, दुर्घटना तथा जोखिममा परेकाहरुलाई एक पटक निःशुल्क र दोस्रो पटकबाट सोही बिरामीले सेवा प्रयोग गरेमा नियमानुसार सेवा शुल्क लिने सर्वसम्मतिले निर्णय गरियो ।

**१५. बजार खुला गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा कोभिड-१९ को महामारीलाई मध्य नजर गर्दै बन्द गरिएको साप्ताहिक रुपमा लाग्दै आएको शनिबारे हटियास्वास्थ्य सम्बन्धी मापदण्ड पूर्ण रुपमा पालना गरी मिति २०७८/०५/२६ गतेदेखि खुल्ला गर्ने सर्वसम्मत निर्णय गरियो ।

**मिति २०७८ साल असोज ४ गते सोमबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको तेस्रो बैठकमा भएका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव तथा निर्णयहरु**

**१ ऐसेलुखर्क गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७८ सम्बन्धमा।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपालको संविधान २०७२ को धारा २१८ ले दिएको अधिकार प्रयोग गरी ऐसेलुखर्क गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन) सम्बन्धि बनेको नियमावली "ऐसेलुखर्क गाउँपालिका गाउँ कार्यपालिका (कार्य विभाजन), २०७८"बुँदागत रुपमा छलफल गरी सर्वसम्मतिले पारित गरियो । उक्त कार्यविधि आसन्न गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**२. आ. व. २०७८/०७९को दर रेट अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को लागि ऐसेलुखर्क गाउँपालिकाकोदर रेट निर्धारण समितिबाट तयार भएको आ.व. २०७८/०७९ को दर रेटमासमितिबाट गरिने अन्य काम बाहेक ट्रस र आर.सी.सी. भवन निर्माण कार्यमा १० प्रतिशतमात्र श्रमदान जुटाउने गरी सर्वसम्मतिले पारित गरियो ।

**३. कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कर्मचारी संगठन तथा व्यवस्थापन सर्वेक्षणको सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (१) मा गाउँपालिकाले आफ्नो कार्यबोझ, राजश्व, क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिकामा विषयगत शाखा वा महाशाखा र हरेक र वडाको संगठन संरचना कायम गर्नु पर्नेछ भनी उल्लेख भएकोमा नेपाल सरकारबाट कर्मचारी समायोजनको कार्य सम्पन्न भई सकेको प्ररिप्रेक्षमा सोही दफामा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न परामर्श सेवामा संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य गरी आसन्न गाउँ सभाबाट यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गराउने गरी परामर्श सेवा शीर्षकबाट रु. ४,००,०००/- (अक्षेरुपी चार लाख रुपैयाँमात्र) विनियोजना गरी तत्काल कार्यारम्भ गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**४. मर्मत सम्भार कार्यविधि २०७८ सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकामा मर्मतसम्भार कोष सञ्चालनको लागि बनेको कार्यविधि"ऐसेलुखर्क गाउँपालिका मर्मत सम्भार कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८"बुँदागत रुपमा छलफल गरी सर्वसम्मतिले पारित गरी आसन्न गाउँसभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

**५. फोहोर मैला व्यवस्थापन दर रेट अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क बजार क्षेत्रको फोहोर मैला व्यवस्थापन गर्नको लागि मिति २०७८ साल भाद्र २५ गते शुक्रबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा ऐसेलुखर्क गाउँपालिका-३ नं. वडा अध्यक्ष, उद्योग वाणिज्य संघ, नेवार सामाजिक गुठी, राजनैतिक दलका प्रतिनिधि, होटल, पसल व्यवसायी तथा सरोकारवालाहरुको उपस्थितिमा भएको प्रस्ताव तथा निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो ।

**६. सडक मर्मत सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ५ महेश्वरी राखानी दुधकोशी जाने यातायातका साधनहरुले अत्यधिक सडक क्षती हुने भएको हुँदा सडक मर्मत गर्न तपसिल बमोजिम कर लिने सर्वसम्मतिले पारित पारित गरियो ।

<u>तपसिल</u>

१. प्रति पटक ट्याक्टर पालिकाभित्र रु. १,०००/- (अक्षेरुपी एक हजार रुपैयाँ)-

२. पालिका बाहिरको प्रति ट्याक्टर रु. २,०००/- ( अक्षेरुपी दुई हजार रुपैयाँ मात्र)-

१ र २ बाट उठेको करबाट हेरालुलाई २० प्रतिशत दिने र बचत रकम वडा कार्यालयले गाउँपालिकामा आम्दानी बाध्ने । उल्लिखित क्रियाकलाप ५ नं. वडा कार्यालयले व्यवस्थापन गर्ने निर्णय गरियो ।

**मिति २०७८ साल १३ गते मङ्गलबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको चौथो बैठकमा भएका प्रस्ताव तथा निर्णयहरु**

**<u>प्रस्ताव तथा निर्णयहरु</u>**

**१ प्रशासकीय भवन निर्माण सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन निर्माण प्रक्रियामा विभिन्न समयमा गरिएको परीक्षण ( slab concrete) रिपोर्ट भवन निर्माण मापदण्ड तथा गुणस्तरभन्दा कमसल भएको प्रतिवेदन प्राप्त भएकोमा निर्माण व्यवसायिबाट एक पटक सरकारी निकायबाट आधिकारिक विज्ञ समूह ल्याई परीक्षण गर्न माग बमोजिम सरोकारवालाहरु नागरिक समाज, राजनितिक दलका प्रतिनिधि, उद्योग व्यवसायी संघका प्रतिनिधि, निर्माण व्यवसायीको छलफल तथा सुझावबाट एक पटकको लागि उक्त निर्माण व्यवसायीलाई मौका दिई Quality, research and development centre Laboratory unit lalitpur वा सोभन्दा माथिल्लो सरकारीनिकायबाट प्राप्त परीक्षण प्रतिवेदनका आधारमा एक पटक अवसर दिनुका साथै दुई दिनभित्रमा पि.जि. समयावधी कम्तीमा एक वर्ष थप गरी पेश गर्न लगाउने साथै प्राप्त प्रतिवेदनका आधारमा नियमानुसार क्रियाकलाप अगाडि बढाउने । सो परीक्षणको सम्पूर्ण व्ययभार निर्माण व्यवसायीलाई व्यहोर्न लगाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

प्रशासकीय भवनको गुणस्तर तथा परीक्षण साथै पुनःनिर्माण गर्ने सम्बन्धमा अध्ययन अनुसन्धान तथा विश्लेषण गरी नियमानुसार कार्यप्रक्रिया अगाडी बढाउन गा.पा. उपाध्यक्षको संयोजकत्वमा विज्ञ प्राविधिक-३ जना (नेपाल सरकार, शहरी विकास मन्त्रालय वा अन्तर्गतको विज्ञ), स्थानीय निर्माण व्यवसाय संघको प्रतिनिधि-१ जना, ठेकेदार प्राविधिक प्रतिनिधि-१ जना र गाउँपालिकाको प्राविधिक प्रतिनिधि-१ जना सदस्य सचिव रहने गरी ७ सदस्यीय अनुगमण समिति गठन गर्ने र सो समितिले एक महिनाभित्रमा गाउँपालिकाको कार्यालयमा प्रतिवेदन बुझाउन लगाउने निर्णय गरियो ।

**२. रेडियो कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा खोटाङ मिडिया प्रा.लि. द्धारा सञ्चालित रेडियो खोटाङ १०३.३ मेगाहर्जले रेडियो कार्यक्रम "सुन्दर गाउँपालिका" कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गरेकोले उक्त कार्यक्रम सञ्चालन गर्नको लागि परामर्श सेवा शीर्षकबाट बढीमा रु.१,५०,०००/- (अक्षेरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) सम्म नबढ्ने गरी कार्यक्रम सम्झौता गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**३. योजना सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको आ. व. २०७८/७९ को नीति तथा कार्यक्रममा रु. १० लाखसम्मको योजनामात्र उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने भनि पारित गरिएकोमा विभिन्न कारणले योजनाहरु कार्यान्वयन गर्न समस्या देखिएको हुँदा

आवश्यकताको आधारमा रु. २० लाख सम्मको योजना उपभोक्ता समितिमार्फत सञ्चालन गर्ने गराउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**४. शुभकामना आदान-प्रदान सम्बन्धमा ।**

प्रस्ताव नं ४ माथि छलफल गर्दा हिन्दुहरुको महान चाड बडा दशै, दिपावली तथा छट पर्वको अवसरमा स्वदेश तथा विदेशमा रहने सम्पूर्ण नेपाली बुबाआमा, दिदिबहिनी तथा दाजुभाइहरुमा सुस्वास्थ्य, दीर्घायुको साथै उत्तरोत्तर प्रगतिको कामना व्यक्त गर्दै शुभकामना आदान-प्रदान गर्ने निर्णय गरियो ।

**मिति २०७८ साल असोज १९ गते मंगलबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको पाचौं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्ताव तथा निर्णयहरु**

**१ आइसोलेशन वार्डको रकम भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्र ऐसेलुखर्कमा जनसेवा समाज नेपालद्वारा D2N Foundation अमेरिकाको आर्थिक सहयोगमा २० शैयाको आइसोलेशन केन्द्र निर्माणको लागि पहिलो पक्ष (जनसेवा समाज नेपाल) र दोस्रो पक्ष ( आयोजना उपभोक्ता समिति) बीच मिति २०७८/०४/०७ गते जम्मा रकम रु ८,६९,९४१/- (अक्षरुपी आठ लाख उनान्सत्तरी हजार नौ सय एक्चालिस रुपैयाँ) मा यस गाउँपालिकाको रोहवरमा सम्झौता भएकोमा प्राविधिक लागत इष्टामेटभन्दा थप सामाग्री खरिद गरी कार्य सम्पन्न भएकोले उक्त थप सामाग्री खरिद गर्न अपूग हुन गएको रकम रु. २,००,०००/- (अक्षरुपी दुई लाख रुपैयाँ मात्र) संघीय सरकारबाट आ.व. २०७७/०७८ मा ५ वेडको आइसोलेशन निर्माण तथा सञ्चालनको लागि प्राप्त भएको रु.१०,००,०००/- अक्षरुपी दश लाख रुपैयाँमात्र) बाट खर्च भई बाँकी रहेको रकमबाट सार्वजनिक खरिद नियमावली २०६३ को नियम ९८ बमोजिम निर्माण सामाग्री गाउँपालिकाबाटै खरिद गरी श्रमिक ज्यालाको रकम अमानत खरिद विधिबाट भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो ।

**मिति २०७८ साल मंसिर १४ गते मंगलबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाकोछैटौं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव तथा निर्णयहरुः**

**१. १५ शैया अस्पतालको श्रोत सुनिश्चितता सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रमा १५ शैयाको अस्पताल निर्माणको लागि संघीय सरकारबाट-रु. १८ करोड रकम सुनिश्चित भएको र उक्त अस्पतालको डि.पि.आर. रिपोर्टमा २० करोड ६० लाख ७ सय ४८ देखिएकोले संघीय सरकारबाट सुनिश्चित भएको रकमभन्दा डि.पि.आर. रिपोर्ट बमोजिम अपुग हुन आएको रकम २ करोड ६० लाख ७ सय ४८ रुपैयाँ रकम आगामि आ.व. मा गाउँपालिकाबाट क्रमागत रुपमा विनियोजन गरी कार्य सम्पन्न गर्ने सर्वसम्मत निर्णय गरियो ।

**२. लेखा परीक्षण कार्यविधि स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकामा विद्यालय, संघसंस्था तथा सहकारी संस्थाको लेखा परीक्षण गर्न बनेको ऐसेलुखर्क गाउँपालिकाको विद्यालय, संघसंस्था तथा सहकारी संस्थाको लेखापरीक्षण कार्यविधि, २०७८ सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**३. कृषि उपज संकलन केन्द्र निर्माणको बजेट विनियोजन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ३ मा कृषि उपज संकलन केन्द्र निर्माणको लागि आ.व. २०७८/०७९ मा आय-व्यय अनुमान गर्दा भुलवश कृषि उपज संकलन केन्द्रको लागि रु.१०,००,०००/- अक्षेरपी दश लाख रुपैयाँ छुट हुन गएको र सो कार्यक्रमको लागि गत वर्षको मौज्दातलाई संशोधित अनुमानमा थप गरी पूनः कृषि उपज संकलन केन्द्र निर्माणका लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**४. दरबन्दी मिलान सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा शिक्षा तथा मानवश्रोत विकास केन्द्रले विद्यालयमा शिक्षकको दरबन्दी समायोजन २०७६ अनुसार पटक-पटक शिक्षक दरबन्दी मिलान गर्नु भनी पत्राचार गरेको हुँदा यस ऐसेलुखर्क गाउँपालिकाका हकमा एक वटा नि.मा.वि. दरबन्दी बढी भई उक्त दरबन्दीप्रा.वि.मा समायोजन गर्नुपर्ने भएको हुँदा विद्यार्थी संख्याको अनुपातमा श्री भानु आ.वि. माक्पाको नि.मा.वि. (राहत) दरबन्दीलाई प्रा.वि. (राहत) मा समायोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. शिक्षक बैङ्क स्थापना सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा नियमित रुपमा शिक्षकहरुको पदपूर्ति हुन नसकी शिक्षकको चरम अभाव सिर्जना भएको हुनाले उक्त समस्या समाधानको लागि ऐसेलुखर्क गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ५७ बमोजिम करार शिक्षक नियुक्तिको लागि शिक्षक बैङ्क स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो । साथै शिक्षक बैंकमा छनौट भएका शिक्षकहरुलाई रिक्त स्थानमा करार शिक्षक पदमा नियुक्तिको लागि सम्बन्धित विद्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**६. विद्यालयको रोक्का रकम फुकुवा सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७५/०७६ मा गाउँपालिकाबाट शिक्षण सिकाई अनुदान शीर्षक अन्तर्गत विभिन्न विद्यालयमा एकमुष्ट निकासा भई खाता रोक्का गरिएको सन्दर्भमा हालसम्म तपसिलका २ वटा विद्यालयमा सो रकम शिक्षक तलवभत्तामा खर्च गरी केही रकम अझै बचत देखिएको हुँदा उक्त रकमबाट विद्यालयमा उल्लेख गरिए बमोजिम कार्य गर्ने गरी रकम फुकुवा गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

| क्र.स. | विद्यालयको नाम | रोक्का रकम | कार्य विवरण |
|---|---|---|---|
| १. | सिम्ले मा.वि. | १,२६,५५२/- | फर्निचर निर्माण |
| २. | लालबौद्ध आ.वि. | १५,०००/- | शैक्षिक सामाग्री खरिद |

**७. लिदिङ खोला ऐसेलुखर्क सामुदायिक लघु जल विद्युत आयोजनाको लागि राहत उपलब्ध गराउने सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ३ ऐसेलुखर्कमा सञ्चालित लिदिङ खोला ऐसेलुखर्क सामुदायिक लघु जल विद्युत आयोजनाको असोज महिनामा अविरल वर्षाका कारण कुलो लडी अवरुद्ध भएको हुँदा कुलो मर्मत गर्न विपद व्यवस्थापन कोषबाट रु.७०,०००/-अक्षेरुपी सत्तरी हजार रुपैयाँ राहत दिने निर्णय गरियो ।

**८. प्रधानमन्त्री रोजगार कार्यक्रमको आयोजना अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त रकमः-रु.२०,७४,०००/- र आइ.डि.ए.बाट सशर्त अनुदानको रुपमा प्राप्त रकमः-रु.३८,००,०००/- रकम वडा

कार्यालयहरूबाट छनौट भई आएका तपसिल बमोजिमका आयोजनाहरूको लागि विनियोजित रकम अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

**क. नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान रकम रु. २०,७४,०००/-**

| क्र.स. | वडा नम्बर | आयोजनाको नाम | जम्मा रकम |
|---|---|---|---|
| १. | ५-महेश्वरी | चापफेद वडा कार्यालय हुँदै मेकु खोला सडक सोलिङ | रु.२,००,०००/- |
| २. | ५-महेश्वरी | ढोडेनी फुटवल मैदानदेखि फापरस्वरा सडक सोलिङ तथा ग्याविन वाल मर्मत | रु.२,५०,०००/- |
| ३. | ५-महेश्वरी | वन गाउँ सडक सोलिङ | रु.१,६५,५००/ |
| ४. | ५-महेश्वरी | राखानी पुल गोरेटो बाटो मर्मत | रु.२,५०,०००/- |
| ५. | ७-माक्पा | रातमाटे भदौरे सडक सोलिङ | रु.२,७५,२२९/- |
| ६. | ७-माक्पा | ह्वाङखोला रिस्लङ्कु गोरेटो बाटो मर्मत | रु.१,०३,८६०/- |
| ७. | ७-माक्पा | नोरोङ देशारे गोरेटो बाटो मर्मत | रु.७५,०१०/- |
| ८. | ७-माक्पा | माक्पा मा.वि. घेराबार | रु.१,१५,४००/- |
| ९. | ७-माक्पा | लुम्दु कभर्ड हल बस्ने ठाउँ निर्माण | रु.१,२२,३२४/- |
| १०. | ७-माक्पा | माक्पा दमाई गाउँ गोरेटो बाटो मर्मत | रु.४८,४६८/- |
| ११. | ७-माक्पा | रातमाटे चईन्टार सडक स्तरोन्नती | रु.५१,९३०/- |
| १२. | ७-माक्पा | चईन्टार लेवा नोरोङ सडक स्तरोन्नती | रु.६३,४७०/- |
| १३. | ७-माक्पा | वडा कार्यालय परिसर स्तरोन्नती | रु.८०,७८०/- |
| १४. | ७-माक्पा | देविथान भुमेथान मर्मत | रु.२,२२,१४५/- |
| १५. | ७-माक्पा | ईलिम माक्पा लुम्दु गोरेटो बाटो स्तरोन्नती | रु.४९,८८४/- |
| | **जम्मा** | | **रु.२०,७४,०००/-** |

**ख. आइ.डि.ए. बाट प्राप्त सशर्त अनुदान रकम रु. ३८,००,०००/-**

| क्र.स | वडा नम्बर | आयोजनाको नाम | जम्मा रकम |
|---|---|---|---|
| १६. | १-राखा | लिदिङ खोला अधनी राखावाङ्देल सडक सोलिङ | रु.६,५०,०००/- |
| १७. | १-राखा | साल्मेडाँडा रुकुपाई गोरेटो बाटो मर्मत | रु.१,००,०००/- |
| १८. | २-बाकाचोल | ऐसेलुखर्क बाकाचोल बादेल सडक स्तरोन्नती | रु.५,७७,०००/- |
| १९. | ३-ऐसेलुखर्क | देशारे चित्रे बाल्जिखोला सडक सोलिङ | रु.३,१७,३५०/- |
| २०. | ३- ऐसेलुखर्क | ऐसेलुखर्क बगाले लाल बौद्ध ओडारे सडक सोलिङ | रु.३,१७,३५०/- |
| २१. | ३-ऐसेलुखर्क | हटिया गैराघर सडक सोलिङ | रु.१,०९६३०/- |
| २२. | ३-ऐसेलुखर्क | सिंचाई | रु.१,२१,१७०/- |
| २३. | ४- जल्लेश्वरी | पैरे रमिते सरस्वती प्रा.वि.सम्म सडक सोलिङ | रु.२,००,०००/- |
| २४. | ४- जल्लेश्वरी | बलंगा बावियोखर्क देम्लीटार सडक मर्मत तथा नाली निर्माण | रु.१,९२,४००/- |
| २५. | ४-जल्लेश्वर | कात्तिके भुमेथान सरस्वती प्रा.वि. गोरेटो बाटो मर्मत | रु.३,००,०००/- |
| २६. | ६-ज्यामिरे | सूर्यज्योती आ.वि. सल्ले सपोर्टिङ वाल मर्मत | रु.१,२०,०००/- |
| २७. | ६-ज्यामिरे | माथिल्लो सल्ले-तल्लो सल्ले सडक सोलिङ | रु.१,०७,०००/- |
| २८. | ६-ज्यामिरे | नेपाने-बैधगाउँ सडक सोलिङ | रु.१,००,०००/- |
| २९. | ६-ज्यामिरे | ज्यामिरे ढाडगाउँदेखि जोरधारा सडक सोलिङ | रु.१,००,०००/- |
| ३०. | ६-ज्यामिरे | आहाले धुल्पुर सडकखण्ड सडक सोलिङ | रु.१,००,०००/- |
| ३१. | ६-ज्यामिरे | सिलौरी मुर्दाघाट गोरेटो बाटो मर्मत | रु.५०,०००/- |

| | | | |
|---|---|---|---|
| ३२. | ७- माक्पा | ऐसेलुखर्क माक्पा रावाखोला सडक मर्मत तथा स्तरोन्नती | रु.३,३८,१००/- |
| | **जम्मा** | | **रु. ३८,००,०००/-** |

**९. बहुक्षेत्रीय पोषण कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दाआ.व. २०७८/०७९ मा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतको अनुसूची-१ बमोजिमको कार्यक्रम सञ्चालनको लागि स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**मिति २०७८ साल पुस ९ गते शुक्रबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका सातौंबैठकमा भएका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव तथा निर्णयहरुः**

**१. ऐसेलुखर्क गाउँपालिकाको विभिन्न निर्देशिका तथा कार्यविधि स्वीकृत सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकामा बनेका तपसिलमा उल्लेखित निर्देशिका तथा कार्यविधिमाथि बुँदागत रुपमा छलफल गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

१. ऐसेलुखर्क गाउँपालिकाको जलवायु मैत्री एकीकृत जलाधार व्यवस्थापन कार्यविधि सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८ ।
२. ऊर्जा विकास उप-समिति गठन तथा सञ्चालन कार्यविधि, २०७८ ।
३. कृषक समूह दर्ता, नवीकरण तथा व्यवस्थापन कार्यविधि, २०७८ ।
४. उपाध्यक्ष प्राविधिक छात्रवृत्ति कोष कार्यविधि, २०७८ ।

**२. गाउँपालिकाका विभिन्न कार्यक्रम स्वीकृत सम्बन्धमा**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा गाउँपालिकाबाट सञ्चालन हुने तपसिल बमोजिमका कार्यक्रम सञ्चालनको लागि स्वीकृत गरी कार्यान्वयन गर्नेनिर्णय गरियो ।

तपसिल

१. महिला, बालबालिका, अपाङ्ग तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रम।
२. गरिवी निवारणका लागि लघु उद्यम विकास (MEDPA) कार्यक्रम ।

**३. मकै पकेट क्षेत्र निर्धारण सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.५ महेश्वरीलाई मकै पकेट क्षेत्र निर्धारण गरी विनियोजित बजेट बमोजिमको कार्यक्रम सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**४. विज्ञापन सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका पशुपन्छी विकास शाखा अन्तर्गत एक गाउँ एक पशु प्राविधिक अन्तर्गत करार सेवामा दुई जना प्राविधिक विज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**५. करार शिक्षक नियुक्ती सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा करार शिक्षक नियुक्ती परीक्षामा गलत उत्तर दिएवापत२० प्रतिशत अंक कट्टा गरिने शिक्षक सेवा आयोगको पाठ्यक्रममा भएको व्यवस्था

बमोजिम परीक्षा गर्दा प्रथम पत्र (वस्तुगत परीक्षा) मा नै धेरै असफल भएकोले परीक्षामा गलत उत्तर दिएवापत २० प्रतिशत अंक अव कट्टा नगर्ने  सर्वसम्मत निर्णय गरियो ।

**६. प्र.म.रो. कार्यक्रम अन्तर्गतका योजना शीर्षक परिवर्तन सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको ईलिम माक्पा लुम्दु गोरेटो बाटो स्तरोन्नती शीर्षकलाई माक्पा सिद्दथान गोरेटो बाटो मर्मत शीर्षकमा परिवर्तन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**७. पाठ्यक्रम स्वीकृत तथा बजेट एकिकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा निर्माण भएको दुमी भाषाको पाठ्यक्रम-२०७७ स्वीकृत गर्ने साथै आ.व. २०७८/०७९ को पालिका स्तरीय योजना अन्तर्गत दुमी भाषातथा व्यवस्थापन शीर्षकको रु. १,००,०००/- रकम र वडा नं. ७ को वडागत योजना अन्तर्गत सामाजिक विकास क्षेत्रको जनजाती उत्थान कार्यक्रम शीर्षकको रु. ५०,०००/-रकम गरी जम्मा रु. १,५०,०००/- रकम एकिकृत गरी दुमी भाषा पाठ्यपुस्तक निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**८. जगेडा शिक्षक सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका क्षेत्रभित्रका तपसिलका सामुदायिक विद्यालयहरुमा शिक्षक दरवन्दी न्युन रही पठनपाठनमा समस्या आएकाले जगेडा शिक्षक कोष शीर्षकबाट तलब, भत्ता भुक्तानी हुने गरी शैक्षिक सत्र २०७८ को लागि अनुदान दिने निर्णय गरियो ।

तपसिल

१. श्री सेती प्रा.वि, ऐसेलुखर्क-३, कोटा-१
२. चन्द्रकन्या प्रा.वि. ऐसेलुखर्क-७, कोटा-१

**९. ऊर्जा विकास उप-समिति गठन तथा बजेट विनियोजन सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका ऊर्जा विकास उप-समिति गठन तथा सञ्चालन कार्यविधि, २०७८ को परिच्छेदः २ दफा ३ बमोजिम तपसिलको ७सदस्यीय ऊर्जा विकास उप-समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. संयोजक- श्री फुलकमल राई
२. सदस्य- श्री चमेली वि.क.
३. सदस्य- श्री छिरिङल्हमु तामाङ
४. सदस्य- श्री देवी चरण रम्तेल

५. सदस्य- श्री दिल बहादुर राई
६. सदस्य- श्री नैन कुमार राई
७. सदस्य सचिव- श्री नवराज खत्री

साथै आ.व. २०७८/०७९ को नविकरणीय ऊर्जाप्रविधि जडान (वायोग्याँस/ विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा) शीर्षकमा प्राप्त रु. ८,००,०००/- रकम तपसिल बमोजिमको कार्यक्रम/योजनाको लागि बाँडफाँड गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. सडक बत्ती मर्मत- रु. २,६०,०००/-
२. सडक बत्ती खरिद- रु. ५,००,०००/-
३. प्रशासनीक खर्च- रु. ४०,०००/-

**१०. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरलाई तपसिल बमोजिमका कार्यक्रमको लागि विद्यालयहरु छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

१. विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमः

क. श्री त्रिभुवन मा.वि., ऐसेलुखर्क-३, ऐसेलखर्क -४ कोठे पक्की भवन

ख. श्री शिशु मा.वि., ऐसेलुखर्क-५, महेश्वरी -४ कोठे पक्की भवन

ग. श्री कालिका बालविकास मा.वि., ऐसेलुखर्क-१, राखावाङ्देल -४ कोठे पक्की भवन

घ. श्री बालचेतना आ.वि.-२ कोठे पक्की भवन

ङ. श्री सिम्ले मा.वि., ऐसेलुखर्क-४, जलेश्वरी- २ कोठे पक्की भवन

च. श्री माक्पा मा.वि., ऐसेलुखर्क-७, माक्पा- ४ कोठे पक्की भवन

२. ICT ल्याव व्यवस्थापन तथा विद्यालयमा Digital Library व्यवस्थापनः

क. श्री कालिका मा.वि. ऐसेलुखर्क- विज्ञान प्रयोगशाला ।

ख. श्री शिशु मा.वि., ऐसेलुखर्क-५, महेश्वरी- विज्ञान प्रयोगशाला।

ग. श्री कालिका बालविकास मा.वि.,ऐसेलुखर्क-१, राखावाङ्देल- ICT lab

३. प्राविधिक धार सञ्चालनमा रहेका विद्यालयहरुको ल्याव सुदृढीकरण तथा नयाँ प्राविधिक धारका विद्यालय

स्थापनाः

क. श्री त्रिभुवन मा.वि., ऐसेलुखर्क-३ -प्राविधिकधार (बाली विज्ञान) का विद्यालय सञ्चालन। संघीय सरकारको नीति अनुसार सबै स्थानीय तहमा प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने भनिएता पनि यस ऐसेलुखर्क गाउँपालिकामा हालसम्म एउटा पनि सामुदायिक विद्यालयमा प्राविधिक धारको कक्षा सञ्चालन हुन नसकेकोले प्राविधिक धार (बाली विज्ञान) को विद्यालय सञ्चालनगर्न पूर्वाधार तयारी गरेको श्री त्रिभुवन मा.वि., ऐसेलुखर्क-३ मा सञ्चालनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

**११. योजना सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिति २०७८ असोज १३ गते ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको चौथो बैठकको प्रस्ताव तथा निर्णय नं. ३ बमोजिम आ.व. २०७८/०७९ मा सञ्चालन हुने योजनाहरु आवश्यकताको आधारमा रु. २०,००,०००/- (अक्षेरुपी बीस लाख रुपैयाँ मात्र) सम्मको योजना उपभोक्ता समितिमार्फत गर्ने गराउने निर्णय भएकोमा उक्त रकममा जनश्रमदान वापदको रकमलाई समावेश नगरी गाउँपालिकाबाट विनियोजित बजेटलाई आधार मानी योजना सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**१२. प्रशासकीय भवन सम्बन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ऐसेलुखर्क प्रशासकीय भवन निर्माण सम्बन्धी ठेक्का नं. ARM-KHO-03/2076-077/NCB सम्बन्धमा ऐसेलुखर्क गाउँपालिका र श्री रुजन-जगदम्बा-भुवनेश्वरी एण्ड भैभव जे.भि., नयाँ बानेश्वर, काठमाण्डौनिर्माण कम्पनीसँग मिति २०७७/०२/०३ मा भएको सम्झौता नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**मिति २०७८ साल पुस १९ गते सोमबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाकोआठौं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव तथा निर्णयहरुः**

**१. कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तणको लागि ऐसेलुखर्क गाउँपालिकामा प्राप्त भएको २८३ कोटा तपसिल बमोजिम वडागत रुपमा छनौट गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | वडा नं. | घरधूरी | कैफियत |
|---|---|---|---|
| १ | ऐसेलुखर्क-१, राखावाङ्देल | ४० | |
| २ | ऐसेलुखर्क-२, बाकाचोल | ५३ | |
| ३ | ऐसेलुखर्क-३, ऐसेलुखर्क | ५५ | |
| ४ | ऐसेलुखर्क-४, जलेश्वरी | ३९ | |
| ५ | ऐसेलुखर्क-५, महेश्वरी | ३९ | |
| ६ | ऐसेलुखर्क-६, ज्यामिरे | २१ | |
| ७ | ऐसेलुखर्क-७, माक्पा | ३६ | |
| | | २८३ | |

**२. कृषि उपज संकलन केन्द्र निर्माणको बजेट सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०७८ मंसिर १४ गते मंगलबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको छैटौं बैठकको प्रस्ताव तथा निर्णय नं. ३ मा ऐसेलुखर्कगाउँपालिका वडा नं.-३, ऐसेलुखर्क बजारमा कृषि उपज संकलन केन्द्र निर्माणको लागि रु. १०,००,०००/- (अक्षेरुपी दश लाख रुपैयाँ मात्र) विनियोजन भएकोतर प्राविधिक भुलवस लागत ईटा संख्या १४,९९० हुनु पर्नेमा ५,३४५ भएकोले थप ९,६४५ ईटा र कामको लागि अपूग रकम रु. ४,१७,४०२/- (अक्षेरुपी चार लाख सत्र हजार चार सय दुई) गत वर्षको मौज्दात रकमबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**मिति २०७८ साल पुस २६ गते सोमबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको नवौं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्ताव तथा निर्णयहरुः**

**३. संघीय समपूरक अनुदान रकम सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७९/८० को लागि प्रदेश र स्थानीय तहमा संघीय समपूरक अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि राष्ट्रिय योजना आयोगको मिति २०७८/०८/२४ गतेको प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम तपसिल बमोजिमका आयोजनाहरु ५० प्रतिशतसम्म रकम स्थानीय तहले बेहोर्ने गरी डि.पि.आर. सहित राष्ट्रिय योजना आयोगलाई पठाउने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

१. देउराली सडक निर्माण (कच्ची सडक सञ्चालनमा रहेको)
२. ऐसेलुखर्क- लिदिङ खोला सडक निर्माण (कच्ची सडक सञ्चालनमा रहेको)
३. ऐसेलुखर्क गाउँपालिका वडा नं. ३ र ५ नं. वडा कार्यालय भवन निर्माण

**२. विशेष अनुदान सम्बन्धमा ।**

**१.** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७९/८० को लागि प्रदेश र स्थानीय तहमा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि राष्ट्रिय योजना आयोगको मिति २०७८/०८/२४ गतेको प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम तपसिल बमोजिमका आयोजनाहरु ५० प्रतिशतसम्म रकम स्थानीय तहले बेहोर्ने गरी डि.पि.आर. सहित राष्ट्रिय योजना आयोगलाई पठाउने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

१. Aiselukharka Rural Municipality Educational Development (Digitize School) and Literacy Improvement Project.

**३. जिल्ला समन्वय समिति, खोटाङमायोजना माग सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय खोटाङ, दिक्तेलको पत्र संख्या ०७८/७९, च. नं. १०० मिति २०७८/०९/०३ को पत्रानुसार मौज्दात कोषको योजना प्रस्ताव आह्वान सम्बन्धमा जिल्ला समन्वय समिति मौज्दात कोष निर्देशिका २०७५ को दफा ५ अनुसार तपसिल बमोजिमका योजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

<u>तपसिल</u>

१. कृषि उपज संकलन केन्द्र निर्माण, ऐसेलुखर्क-३ हटिया डाडा ।
२. जालपा मा.वि. बादेल, ऐसेलुखर्क-२ बाकाचोल बादेल ।
जालपा मा.वि. बादेलको लागि विगतमा जिल्ला शिक्षा कार्यालय, खोटाङमा चार कोठे आर.सी.सी. भवन निर्माणको लागि सम्झौता भई रु. ३६,००,०००/- (अक्षरुपी छत्तिस लाख रुपैयाँ) मध्ये रु.१८,००,०००/- (अक्षरुपी अठार लाख रुपैयाँ) विद्यालयको खातामा

निकासा भई योजना सञ्चालन भएको र बाँकी रकम रु.१८,००,०००/- (अक्षरुपी अठार लाख रुपैयाँ) निकासा नभई काम अधुरो रहेकोलेअधुरो काम सम्पन्न गर्न जिल्ला समन्वय समितिको कार्यालय, खोटाङमा मौज्दात कोषबाट योजना माग गर्ने सर्वसम्म्त निर्णय गरियो ।

**४ . अख्तियारी सहित प्रतिनिधि पठाउने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रशासकीय भवन निर्माण ठेक्का नं. ARM-KHO-03/2076/077/NCB सम्बन्धमा श्री उच्च अदालत पाटन, ललितपुरबाट जारी भएको श्री गाउँ कार्यपालिकाको कार्यालय, ऐसेलुखजर्क गाउँपालिका, ऐसेलुखर्क जिल्ला खोटाङको नाउँमा मिति २०७८/०९/२२ गते भएको आदेशानुसार मिति २०७८/०९/२८ गते अन्तरिम आदेशको छलफलको लागि पेशीको तारेख तोकिएको हुँदा सो दिन यस ऐसेलुखर्क गाउँपालिकाको तर्फबाट गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री हिरा कुमारी यादवलाई उक्त रिट सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने गरी गाउँपालिकाकोतर्फबाट प्रतिनिधि पठाउने सर्वसम्मत निर्णय गरियो।

**५. विद्यालय बन्द सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा संघीय सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०९/२६ गतेको विज्ञप्ति अनुसार नै यस गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक तथा निजी विद्यालयहरुलाई कार्यान्वयन गर्न गराउन निर्देशन दिने निर्णय गरियो ।

**मिति २०७८ साल पुस ३० गते शुक्रबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको दशौं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्ताव तथा निर्णयहरुः**

१. **अख्तियारी सहित प्रतिनिधि पठाउने सम्बन्धमा ।**

**प्रस्ताव नं.**१ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालकाको प्रशासकीय भवन निर्माण ठेक्का नं .ARM-KHO-03/2076/077/NCB सम्बन्धमा श्री उच्च अदालत पाटन, ललितपुरबाट जारी भएको श्री गाउँ श्री गाउँ कार्यपालिकाको कार्यालय , ऐसेलुखर्क गाउँपालिका, ऐसेलुखर्क जिल्ला खोटाङको नाउँमा मिति २०७८/०९/२२ गतेको अन्तरिम आदेश बमोजिमयस ऐसेलुखर्क गाउँपालिकाको तर्फबाट गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत श्री हिरा कुमारी यादवलाई उक्त रिट सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने गराउने र पालिकाको तर्फबाट एक जना वकिल समेत नियुक्त गरी सो रिटको सम्पूर्ण कार्य जिम्मेवारी निर्वाह गर्न गाउँपालिकाको तर्फबाट अख्तियारी दिई प्रतिनिधि पठाउने सर्वसम्मत निर्णय गरियो ।

२. **स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७७/०७८ को स्थानीय तहकोसंस्थागत क्षमता स्वमूल्याङ्कन ( LISA) गर्दा अंक ६० प्राप्त भई पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिको कार्यालय, दिक्तेल, खोटाङ पठाइएको र जि.स.स.का. खोटाङबाट सोही अंक स्वीकृत भई पृष्ठपोषण प्राप्त भएकोले उक्त अंकलाई अनुमोदन गरी सार्वजनिक गर्ने सर्वसम्मत निर्णय गरियो ।

**मिति २०७८ साल माघ २४ गते सोमबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको एघारौं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्ताव तथा निर्णयहरुः**

**१. शोक प्रस्ताव सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-१, राखा वाङ्देलका वडा सदस्य श्री पुरुषोत्तम राजभण्डारीकी ममतामयी आमा श्रीमती धर्मलक्ष्मी राजभण्डारीको मिति २०७८/१०/२१ गतेका दिन ८७ वर्षको उमेरमा असामहिक निधन भएको हुँदा मृत आत्माको चीरशान्तीको कामनाको लागि गहिरो शोक व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गरी शोक प्रस्ताव पारित गर्ने सर्वसम्मत निर्णय गरियो ।

**२. प्रहरी चौकी माग सम्बन्धमा ।**

प्रस्ताव नं.२ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालका वडा नं.-१, राखा वाङ्देल ईलाका प्रहरी कार्यालय ऐसेलुखर्कबाट टाढा रहेको र उक्त क्षेत्रमा बारम्बार झै-झगडा भई शान्ती सुरक्षा कायम हुन नसकेको, उक्त स्थानमा चौकी स्थापनाको लागि पटक-पटक अनुरोध गरेको र हालसम्म चौकी स्थापना नभएको हुँदा ऐसेलुखर्क गा.पा.-१, राखा वाङ्देलमा प्रहरी चौकी स्थापनाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

**३. भूकम्पका लाभग्राहीहरुको दोस्रो र तेस्रो किस्ता छुट रकम माग तथा पुननिर्माण र प्रवलिकरणका लाभग्राही सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिकाका सबै वडाका भूकम्प पिडित लाभग्राहीहरुमध्ये सम्झौता गरी पहिलो किस्ता समेत लिई निजी आवास पुननिर्माण गरी दोस्रो र तेस्रो किस्ता लिन बाँकी रहेका लाभग्राहीको हकमा दोस्रो र तेस्रो किस्ता रकमको लागि सम्बन्धित निकायमा माग गर्ने, पहिलो किस्ता लिई निजी आवास पुननिर्माण सम्बन्धी कुनै पनि कार्य नगरी बसेका लाभग्राहीहरुलाई सम्बन्धित वडाका जनप्रतिनिधिहरु र सम्बन्धित निजी आवास पुननिर्माणका प्राविधिकमार्फत निजी आवास पुनर्निर्माण गर्न ताकेता गरी तोकिएको समयसिमाभित्र निर्माण कार्य सम्पन्न गर्ने, गराउने साथै भूकम्प प्रवलिकरणका लाभग्राहीहरुमध्ये सम्झौता गरी पहिलो किस्ता समेत लिई प्राविधिक नियमानुसार घर प्रवलिकरण गरेका लाभग्राहीहरुलाई दोस्रो किस्ता रकम भुक्तानीको लागि सिफारिस गर्ने र पहिलो किस्ता रकम लिई पुननिर्माण र प्रवलिकरण नगर्ने लाभग्राहीहरुलाई भुक्तानी लिएको पहिलो किस्ता रकम फिर्ता गर्ने, गराउने सर्वसम्मत निर्णय गरियो ।

**४. बाल विकासको कोटा थप सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिकाभित्र ४३ वटा सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा १० वटा तपसिलका विद्यालयमा बालविकासको कोटा नभई पठन-पाठनमा समस्या देखिएकोले १/१ वटा बाल विकास (बाल शिक्षक) कोटा कायम गरी गाउँसभाबाट बाल शिक्षक, कर्मचारी, शिक्षक तलब शीर्षकमा विनियोजित गा.पा. अनुदान रकमबाट मासिक

रु.१५,०००/- (अक्षेरुपी पन्ध्र हजार रुपैयाँ मात्र) पाउने गरी गाउँपालिकाले बाल शिक्षक छनौट गरी नियुक्ति गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | वडा नं. | विद्यालयको नाम | कोटा | कैफियत |
|---|---|---|---|---|
| १. | १ राखावाङ्देल - | श्री मानुका आ,.वि.राखा | 1 | |
| .2 | -1राखावाङ्देल | श्री रावाथुम आ ,.वि.राखा | 1 | |
| .3 | -1राखावाङ्देल | श्री जनहित आ ,.वि.राखा | 1 | |
| .4 | -1राखावाङ्देल | श्री वैकल्पिक आ,.वि.राखा | 1 | |
| .5 | -2बाकाचोल | श्री बौद्ध आ ,.वि.झाक्रीबाँस | 1 | |
| .6 | -2बाकाचोल | श्री कालिका आ ,.वि.पारा | 1 | |
| .7 | -5महेश्वरी | श्री ज्योती आ ,.वि.महेश्वरी | 1 | |
| .8 | -6ज्यामिरे | श्री महंकला आ ,.वि.नेपाने | 1 | |
| .9 | -7माक्पा | श्री जालपा आ ,.वि.बेप्ला | 1 | |
| .10 | -7माक्पा | श्री जनचेतना प्रा ,.वि.नोरुङ | 1 | |

**५. माध्यमिक तहका विद्यालयका सहायक तथा सहयोगीहरुको तलबभत्ता थप सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गा.पा.भित्र जम्मा ८ वटा सामुदायिक माध्यमिक विद्यालाय सञ्चालनमा रहेको, सञ्चालित विद्यालयमा कार्यरत सहायक कर्मचारी तथा सहयोगी कर्मचारीहरुको आधारभूत विद्यालयमा कार्यरत कर्मचारीको तुलनामा कार्यबोझ र जिम्मेवारी बढी भएको कार्यरत कर्मचारीले तलब वृद्धिका लागि माग गरेको हुँदा गाउँपालिकाको शिक्षक तलब भत्ता सहयोगी कर्मचारी तलबभत्ता शीर्षकमा विनियोजित रकमबाट सबै मा.वि. मा कार्यरत कार्यालय सहायकले खाइपाई आएको रु.१५,०००/- (अक्षेरुपी पन्ध्र हजार रुपैयाँमात्र) मा मिति २०७८ श्रावणदेखि नै लागू हुने गरी मासिक रु.३,०००/- (अक्षेरुपी तीन हजार रुपैयाँ मात्र) थप गरी मासिक रु.१८,०००/- (अक्षेरुपी अठार हजार रुपैयाँमात्र) तलब र सहयोगी कर्मचारीहरुलाई मासिक रु.१५,०००/- (पन्ध्र हजार रुपैयाँमात्र) मा रु. १,५००/- (अक्षेरुपी एक हजार पाँच सय रुपैयाँ मात्र) थप गरी मिति २०७८ श्रावणदेखि नै मासिक रु.१६,५००/- (अक्षेरुपी सोह्र हजार पाँच सय रुपैयाँ मात्र) तलब दिने सर्वसम्मत निर्णय गरियो ।साथै गाउँपालिका अन्तर्गत रहेका ४३ वटै सामुदायिक विद्यालयका प्र.अ. हरुलाई मासिक रु.५००/- (अक्षेरुपी पाँच सय रुपैयाँ मात्र) का दरले कर्मचारी तलबभत्ता शीर्षकबाट सञ्चार खर्च वापत भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**६. विद्यालय सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा विश्वमहामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण संघीय सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७८/०९/२६ गते विज्ञप्तिजारी गरी सबै विद्यालयमा भौतिक उपस्थितीमा पठन-पाठन बन्द गर्ने निर्णय अनुसार यस गा.पा.भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरु बन्द रहेकोमा यस क्षेत्रमा कोभिड-१९ का संक्रमित न्यून पाइएको, वैकल्पिक विधिबाट पठन-पाठन नभएको हुँदा उच्च स्वास्थ्य मापदण्डको पालना गरी भौतिक

रुपमा शिक्षक-विद्यार्थी विद्यालयमा अनिवार्य उपस्थित भई मिति २०७८ फाल्गुण १ गते आइतबारदेखि विद्यालय सञ्चालन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो । साथै सूचना सम्प्रेषणको लागि शिक्षा शाखालाई निर्देशन दिने समेत निर्णय गरियो ।

**मिति २०७८ साल फागुन ४ गते बुधबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बाह्रौं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

<u>प्रस्ताव तथा निर्णयहरुः</u>

**.ज्ञगाउँ कार्यपालिकाबाट भएका प्रस्ताव तथा निर्णयहरु अनुमोदनको लागि गाउँसभामा पेश गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालू आ.व. २०७८/०७९ मा मिति २०७८ साउन ७ गतेदेखिगाउँ कार्यपालिकाको १२ औंबैठक मिति २०७८/११/०४ गतेसम्म भएका प्रस्ताव तथा निर्णयहरु अनुमोदनको लागि गाउँसभामा पेश गर्ने र गाउँसभा सञ्चालनको कार्यसूची सहित सभामा जाने सर्वसम्मत निर्णय गरियो।

**२. कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार लक्षित नगद हस्तान्तरण सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तणको लागि ऐसेलुखर्क गाउँपालिकामा प्राप्त भएको २८३ कोटा गाउँ कार्यपालिकाको आठौं बैठकले वडागत रुपमा कोटा निर्धारण गरी वडाबाट छनौट भइ आएका लाभग्राहीहरुलाई कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ को दफा ६ उपदफा ३ बमोजिम अनुसूची-३ को ढाँचामा मिति २०७८ माघ २८ गते ३ (तीन) दिने दाबी विरोधको लागि वडा कार्यालयको सूचना पाटि र गाउँपालिकाको वेभसाईट र सूचना पाटीमा समेत सार्वजनिक सूचना प्रकाशित गरिएकोमा कुनै दाबी विरोध पेश हुन नआएको हुँदा लाभग्राहीहरुको विवरण स्वीकृत गर्ने, मिति २०७८ फाल्गुन १५ गतेभित्र राष्ट्रिय वाणिज्य बैंक, ऐसेलुखर्कमा लाभग्राहीहरुले खाता खोलीलाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुने गरी प्रति परिवार रु. १०,०००/- ( अक्षेरुपी दश हजार रुपैयाँ मात्र) का दरले नगद भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**३. महालेखा परीक्षकको कार्यालयबाट औल्याइएका बेरुजु फछ्र्यौट सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कार्यालयको लेखा परीक्षण प्रतिवेदनबाट लगत कायम हुन आएका नियमित गर्नु पर्ने, असुल उपर गर्नु पर्ने बेरुजु असुल भएका बेरुजुहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९० र ९२ बमोजिम तपसिल बमोजिमको बेरुजु

फछ्र्यौंट समिति गठन गरी सो समितिबाट पेश भएको फछ्र्यौंट गर्नु पर्ने बेरुजु सम्बन्धी प्रतिवेदनका आधारमा बेरुजु फछ्र्यौंट गर्न गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

१. गाउँपालिका अध्यक्ष- संयोजक

२. गाउँपालिका उपाध्यक्ष- सदस्य

३. आर्थिक विकास समिति संयोजक- सदस्य

४. पूर्वाधार विकास समिति संयोजक- सदस्य

५. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

६. प्राविधिक (ईन्जिनियर) शाखाको कर्मचारी-१ जना- सदस्य

७. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य सचिव

४. **योजनाको प्रगति र आय-व्यय सम्बन्धी आर्थिक विवरण सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा मिति २०७८ साउन १ गतेदेखि मिति २०७८ माघ मसान्तसम्म भएको आयोजनाको प्रगति र आय-व्यय सम्बन्धी आर्थिक विवरण सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**मिति २०७८ साल फागुन १६ गते सोमबार ऐसेलुखर्क गाउँपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको तेह्रौं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**१.विद्यालय व्यवस्थापन समिति पुनः गठन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमध्ये विद्यालय व्यवस्थापन समिति पुनःगठन गर्न बाँकी रहेका विद्यालयहरुमा फाल्गुन मसान्तभित्र विद्यालय व्यवस्थापन समिति पुनः गठन गराउन शिक्षा शाखालाई निर्देशन दिने र उक्त समयावधि भित्र विद्यालय व्यवस्थापन समिति पुनःगठन नभएमा मिति २०७८ चैत्र १ गतेदेखि हालको विद्यालय व्यवस्थापन समिति स्वत निष्कृय हुने र सो को जानकारी विद्यालयहरुलाई दिने सर्वसम्मत निर्णय गरियो।

**२. साना सिंचाई कार्यक्रम अन्तर्गतको योजना अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा साना सिंचाई कार्यक्रम अन्तर्गत स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार, स्वीस सरकार र उपभोक्ताहरुको संयूक्त साझेदारीमा आ.व. २०७९/०८० मा सञ्चालन गर्नको लागि कृषि विकास समितिको बैठकबाट निर्णय भई आएका तपसिल बमोजिमका योजनाहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

१. कालिखोला खोल्दु सिंचाई कुलो2-ऐसेलुखर्क -
२. सिस्नेरी कुलो काभ्रे खेत6-ऐसेलुखर्क -
३. तिप्सिने कुलो काभ्रे ज्यामिरे डराउने माझिटार धुल्पुर कुलो6-ऐसेलुखर्क -
४. रातो छ्यागा अधेरी कुलो7-ऐसेलुखर्क -

साथै साना सिंचाई कार्यक्रम अन्तर्गत सञ्चालित तथा सम्पन्न भएका योजना क्षेत्रमा गाउँपालिकाबाट सञ्चालित कृषि कार्यक्रमहरु सञ्चालन गर्दा प्राथमिकता दिने सर्वसम्मत निर्णय गरियो ।

**३. प्र.म.रो.का.को योजना शीर्षक तथा बजेट संशोधन सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७८/०७९ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं.-६, ज्यामिरेको ज्यामिरे ढाडगाउँदेखि जोरधारा सडक सोलिङ- रु.१,००,०००/- र आहाले धुल्पुर सडकखण्ड सडक सोलिङ- रु.१,००,०००/- शीर्षकको योजना र बजेटलाई एकमुष्ट गरी फापरस्वरा माथिल्लो सल्ले सडक सोलिङ-रु.२,००,०००/- शीर्षकमा संशोधन गरी सञ्चालन गर्ने साथै ऐसेलुखर्क माक्पा रावाखोला सडक मर्मत तथा स्तरोन्नती शीर्षकमा विनियोजित रकम रु. ३,३८,१००/- रकम मध्येबाट तपसिल बमोजिमको योजना सञ्चालनको लागि गाउँपालिकाबाट तारजाली उपलब्ध गराई योजना सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

१. नोरुङ पहिरो तारजाली –रु -/50,000.

२. लुकुवा पहिरो तारजाली -/20,000.रु-

**४. कृषि तथा पशु विकास कार्यक्रमको लाभग्राही छनौट अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको आ.व. ०७८/०७९ को कृषि तथा पशु विकास कार्यक्रम अन्तर्गत पालिका स्तरीय कृषि विकास समितिको मिति २०७८ माघ १७ गतेको किवि विरुवा वितरणको लागि छनौट भएका लाभग्राही र मिति २०७८ फाल्गुण १६ को निर्णय बमोजिम तपसिलमा छनौट भएका लाभग्राहीहरु अनुमोदन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. अध्यक्ष कृषि यान्त्रिकरण कार्यक्रम (कृषि औजार वितरण ८० प्रतिशत अनुदान)

२. कुखुरा खोर सहयोग ५० प्रतिशत अनुदान

**५. विद्युत अपरेटर मृतकहरुको परिवारको लागि नगद हस्तान्तरण सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस ऐसेलुखर्क गाउँपालिकाको वडा नं.-१ को बजेट सिलिङमा रहेको विद्युत अपरेटर मृतक परिवारको लागि कोषमा विनियोजित रु.१,५०,०००/- (अक्षरुपी एक लाख पचास हजार रुपैयाँ मात्र) बाट उक्त १ नं. वडामा रहेका ३ (तीन) जना मृतक परिवारलाई प्रति घरपरिवार रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ मात्र) का दरले नगद हस्तान्तरण गर्ने, सो को लागि सम्बन्धित १ नं. वडाको वडा समिति मार्फत निर्णय गरी लाभग्राहीको नामावली गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गरेर कार्यालयले दावी विरोधको लागि ३ (तीन) दिने सार्वजनिक सूचना प्रकाशन गरी नियमानुसार नगद हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

**६. ऐसेलुखर्क गाउँपालिकाको कर्मचारी प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधि, २०७८ सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको कर्मचारी प्रोत्साहन सुविधा सम्बन्धी बनेको कार्यविधि **"ऐसेलुखर्क गाउँपालिकाको कर्मचारी प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधि, २०७८"** बुँदागत रुपमा छलफल गरी सर्वसम्मत पारित गरियो । साथै ऐसेलुखर्क गाउँकार्यपालिकामा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई तपसिल बमोजिमकै सुरु तलब स्केलको हुन आउने दरमा मिति २०७८/१२/०१ गतेदेखि लागू हुने गरी कर्मचारी प्रोत्साहन भत्ता शीर्षकबाट प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

१. सामान्य प्रशासन शाखा प्रमुख -१ जना- ४० प्रतिशत

२. कृषि तथा पशु शाखा प्रमुख-१ जना -४० प्रतिशत

३. स्वास्थ्य शाखा प्रमुख -१ जना -४० प्रतिशत

४. पूर्वाधार विकास शाखा प्रमुख -१ जना -४० प्रतिशत

५. शिक्षा शाखा प्रमुख-१ जना - ४० प्रतिशत

**७.करार शिक्षक सम्बन्धमा।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गाँउपालिका शिक्षा ऐन, २०७६ को दफा ५७ (करार शिक्षक सम्बन्धी विशेष व्यवस्था) मा गाउँपालिका भित्रका विद्यालयहरूमा रिक्त दरबन्दीमा करार शिक्षक नियुक्तिको लागि शिक्षक बैंकको व्यवस्था गर्न सक्ने भन्ने व्यवस्था उल्लेख भएको साथै यस गा.पा. भित्रका विद्यालयहरूमा रिक्त दरबन्दीमा करार शिक्षक पदपुर्तीको लागि धेरै पटक विज्ञापन गर्दा समेत शिक्षकको दरखास्त नपर्ने साथै दरखास्त आवेदन आएको मध्येबाट परीक्षा सञ्चालन गर्दा समेत परीक्षामा सफल हुन आवश्यक पर्ने न्यूनतम प्राप्ताङ्क समेत ल्याउन नसकेकोले गा.पा भित्रको रिक्त दरबन्दी भएका विद्यालयहरूमा पठनपाठन गर्न समस्या भएको साथै मिति २०७८ साल फाल्गुण १४ गतेका दिन यसै गा.पा. अन्तर्गतका श्री भानु आ.वि. , लेवा र श्री महंकला आ.वि., नेपानेको प्राथमिक तहका रिक्त दरबन्दीमा परीक्षा सञ्चालन गर्दा दुवै विद्यालयमा एक-एक जना उम्मेद्‌वार उत्तीर्ण भइ सिफारिस भएको साथै परीक्षाका सम्पूर्ण चरण पार गर्दै एक-एक जना उम्मेद्वानर वैकल्पिक सूचीमा पर्न सफल भएकोले उक्त वैकल्पिक सूचीमा समावेश भएका सफल उम्मेद्वारलाई यस ऐसेलुखर्क गाँउपालिकाको करार शिक्षक नियुक्तिको लागि शिक्षक बैंकमा सुचिकृत गरी सोहि सुचिकृत मध्येबाट रिक्त दरबन्दी भएका विद्यालयमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**<u>तपसिल</u>**

**<u>वैकल्पिक सूचीमा समावेश भएका सफल उम्मेद्वाररहरुः</u>**

| क्र.स. | नामथर , | ठेगाना | बाबुको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | दिनेश राई | ऐसेलुखर्कमहेश्वरी ,छ- | | |
| .द्द | लक्ष्मी तामाङ | ऐसेलुखर्कऐसेलुखर्क ,घ- | | |

**८. शिक्षा सशर्त अनुदान रकम सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा शिक्षा सशर्त अनुदान रकमतर्फः गणित विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामाग्री **Kits** अनुदान (रु.५०,०००/-) को लागि मिति २०७८/१०/०६ गते (५वटा विद्यालयहरुको लागि)सूचना प्रकाशित गरिएकोमा तपसिल बमोजिमका विद्यालयहरुलाई **Kits** अनुदान रकम रु.५०,०००/-(अक्षरपी पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

१. श्री हिरा प्राथमिक विद्यालय, ऐसेलुखर्क-५, महेश्वरी
२. श्री कालिका प्रा.वि., ऐसेलुखर्क-२, बाकाचोल
३. श्री जाल्पा आ.वि., ऐसेलुखर्क-७, माक्पा, बेप्ला
४. श्री अमर सहिद प्रा.वि., ऐसेलुखर्क-३, ऐसेलुखर्क
५. श्री मानुका आ.वि., ऐसेलुखर्क-१, राखा वाङ्‌देल

**९. स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/संचालन नमुना कार्यविधि, २०७८ को दफा २ को (छ) १ बमोजिम ऐसेलुखर्क गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय कमोजिमको पालिका स्तरीय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

<u>तपसिल</u>

क .श्री विश्वनाथ निरौला )गाअ .पा.ध्यक्षसंयोजक- (

खश्री . राजेश कुमार राजभण्डारी .नं ३)वडा अध्यक्षसदस्य- (

गसदस्य- (मेडिकल अधिकृत) सृजना राई .डा .

घसदस्य- (.व.हे.अ .सि) श्री बिमल राजभण्डारी .

ङसदस्य- (महिला स्वास्थ्य स्वयम् सेविका ) श्री तारा राजभण्डारी .

च सदस्य- (स्वास्थ्य शाखा प्रमुख) श्री रामकाजी नेपाल .

छ .श्री हिरा कुमारी यादव - (.अ.प्र.प्र)सदस्य सचिव

**१०. शिक्षक बैंकको शिक्षक खटाउने सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-४, जलेश्वरीस्थित श्री जनकल्याण आ.वि., जलेश्वरीमा कार्यरत स्थायी शिक्षक श्री दावाङ तामाङ विना सूचना विद्यालयमा अनुपस्थित रहेको, विद्यालय व्यवस्थापन समितिले निजलाई कारवाही गर्न नियमानुसार प्रकृया अगाडि बढाई सकेको, एक जनामात्र शिक्षक दरबन्दी रहेकोले पठनपाठन बन्द रहेको हुँदा निज दावाङ तामाङको दरबन्दी गाउँपालिकामा पुलमा राखी कारवाहीको प्रकृया टुङ्गो नलागेसम्मको लागि शिक्षक बैंकबाट एक जना शिक्षक करारमा खटाई विद्यालय सञ्चालन गर्न सर्वसम्मत निर्णय गरियो ।

**११. खेलकुद सञ्चालन सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०७८/०७९ मा खेलकुद शीर्षकमा विनियोजित रकमबाट मिति २०७८ चैत्र २० गतेदेखि खेलकुद सञ्चालनको लागि शिक्षा शाखा र खेलकुद विकास समितिको समन्वयमा खेलकुद सञ्चालन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

**१२. बाली विज्ञानको कक्षा सञ्चालन अनुमति सम्बन्धमा ।**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकामा हालसम्म प्राविधिक धारको विद्यालय सञ्चालन नभएको, संघीय सरकारको नीति अनुसार एक स्थानीय १ प्राविधिक धारको विद्यालय सञ्चालन गर्ने उल्लेख भएको, श्री त्रिभुवन मा.वि., ऐसेलुखर्कले बाली (कृषि) विज्ञानको कक्षा सञ्चालन गर्न पूर्वाधार तयार गरी अनुमति माग गरेको हुँदा शैक्षिक सत्र २०७९ देखि कक्षा ९

मा बाली विज्ञान (कृषि प्राविधिक धार) कक्षा-९ सञ्चालन गर्न अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

**मिति २०७८ साल चैत्र २१ गते सोमबार ऐसेलुखर्क गाउँकार्यपालिका अध्यक्ष श्री विश्वनाथ निरौला ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको चौधौं बैठकमा भएका प्रस्ताव तथा निर्णयहरुः**

**१. पालिका स्तरीय किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति गठन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व.०७८/०७९ मा हुने किसान सूचीकरण कार्यक्रम सञ्चालनको लागि किसान सूचीकरण कार्यान्वयन विधि, २०७७ को दफा १८ बमोजिम देहाय बमोजिम पदाधिकारीहरु रहने गरी समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

**क. पालिका स्तरीय किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समिति**

संयोजक –श्री पुष्पकला भुजेल(उपाध्यक्ष .पा.गा)

सदस्य –श्री हिरा कुमारी यादव प्रमुख प्रशा)सकीय अधिकृत(

सदस्य –श्री राजेश कुमार राजभण्डारी .नं ३)वडा अध्यक्ष(

सदस्य –श्री नैन कुमार राई .नं 4)वडा अध्यक्ष(

सदस्य – श्री किशोर राई (कृषि विकास समिति)

सदस्य –श्री पङ्कज आचार्य (लेखापाल)

सदस्य श्री प्रमोद कुमार राजभण्डारी -

साथै किसान सूचीकरण कार्यक्रम कार्वान्वयनको लागि किसानहरुको विवरण रुजु , तथा स्थलगत अनुगमन गर्नको लागिकिसान सूचीकरण कार्यान्वयन विधि द्दण्ठठ ,को दफा ट बमोजिमदेहायबमोजिमको पदाधिकारीहरु रहने गरी वडा स्तरीय स्थलगत अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

**ख. वडा स्तरीय स्थलगत अनुगमन समिति**

संयोजक –सम्वन्धित वडाको वडा अध्यक्ष

सदस्य – सम्वन्धित वडाको वडा सदस्य

सदस्य – सम्वन्धित वडाको वडा सचिव

सदस्य –सम्वन्धित वडाको कृषि तथा पशु सेवा प्राविधिक

**.2कृषक सूचीकरण कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

. माथि छलफल गर्दा आ २ . प्रस्ताव नंव 079/2078 .मा कृषक सूचीकरण कार्यक्रम ऐसेलुखर्क गाउँपालिका वडा नं ४ र ३,२,१ .मा कृषक सूचीकरण कार्यक्रम सञ्चालन गर्ने र कार्यक्रम सञ्चालन किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि बमोजिम सञ्चालन गर्ने २०७७ , सर्वसम्मत निर्णय गरियो।

**३. प्रधानमन्त्री कृषि आधुनिकीकरण साना पकेट कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं ३ .माथि छलफल गर्दा प्रधानमन्त्री कृषि आधुनिकीकरण साना पकेट कार्यक्रम अन्तर्गत आ मा सञ्चालनको लागि प्रस्ताव आह्वान गरी प्राप्त निवेदनहरुको आधारमा ०७९/०७८.व. तपसिलका कृषक समूह तथा फार्महरुमा लगत स्टमेट गराई सञ्चालन गर्नेसर्वसम्मत निर्णय गरियो ।

**.1बाख्रा पकेट निरन्तरता**

क) लम्साल बाख्रा फार्म ऐसेलुखर्क-६

ख) प्रदिम बाख्रा फार्म ऐसेलुखर्क-६

ग) भट्टराई बाख्रा फार्म ऐसेलुखर्क-६

घ) अनुग्रह बाख्रा फार्म ऐसेलुखर्क-६

ङ) गैरीघर बाख्रा फार्म ऐसेलुखर्क-६

च) नव किरण कृषक समूह ऐसेलुखर्क-६

**.2आलु पकेट निरन्तरता**

क) लेकाली कृषक समूह ऐसेलुखर्क-२

**४. आ.व. २०७९/०८० को लागि प्रदेश सरकारको समपूरक अनुदान रकमबाट सञ्चालन हुने योजना प्रस्ताव सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश.१, विराटनगरको पत्र सं.- ०७८/०७९, च.नं. ६२४, मिति २०७८/१२/०३ को पत्रानुसार आ.व. २०७९/०८० मा प्रदेश सरकारबाट प्राप्त हुने समपूरक अनुदान रकमबाट सञ्चालनको लागि तपसिल बमोजिमको योजना प्रस्ताव गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१. ऐसेलुखर्क (क्रमागत) रावाखोला सडक स्तरोन्नती -माक्पा-

२. देसारे-चित्रे-महेश्वरी सडक स्तरोन्नती

**५. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दागाउँ शिक्षा समितिको मिति २०७८ चैत्र ८ गते भएको तपसिलका निर्णयहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. बाल विकास सहजकर्ताको पाठ्यक्रम स्वीकृत र परीक्षा सञ्चालन

२. अस्थायी करार शिक्षक बैंकमा/रहेको शिक्षकलाई विद्यालयमा खटाउने

३. बाल विकास सहजकर्ता पदपूर्ती समिति गठन

**६ .क्रो योजना शीर्षक संशोधन सम्बन्धमा ।.का.रो.म.**

६ . प्रस्ताव नं माथि छलफल गर्दा आ 079/2078 .व.को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं 3-.ऐसेलुखर्कको भस्मे र हटिया गैराघर (-/1,21,170.रु) भिमसेनथान सडक सोलिङ- एकिकृत गरी ऐसेलुखर्क बगालेसडक तारजाली तथा सोलिङ (1,09,630.रु) सडक सोलिङ संशोधन गरी सञ्च (-/२,30,800.रु)ालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**७. योजना छनौट तथा बजेट विनियोजन सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०७८/०७९ मा आन्तरिक श्रोतमा अनुमान गरिएको आय-अनुमानमा थप गरी तपसिल बमोजिमका कार्यक्रमहरु स्वीकृत गर्ने तथा तपसिलमा थप भएका कार्यक्रमहरु सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी समेत प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

<u>तपसिल</u>

| **क्र.स.** | **कार्यक्रमको नाम** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | पानी तथा विजुली (चालु) | ४,००,०००/- | |
| २. | माकिपा पर्यटन क्षेत्र (क्रमागत थप) | ३,१०,०००/- | |
| ३. | नेपाने वडा कार्यालय सडक निर्माण | ५,२०,०००/- | |
| ४. | हट्टी जाने बाटो | ८,९५,०००/- | |
| ५. | बाल विकास शिक्षकतालिम सञ्चालन | ३,५०,०००/- | |
| ६. | मानुका आ.वि. माक्पा छाना मर्मत | १,५०,०००/- | |
| ७. | जालपा प्रा.वि. माक्पा छाना मर्मत | १,५०,०००/- | |
| ८. | चन्द्रकन्या प्रा.वि. छाना मर्मत | १,५०,०००/- | |
| ९. | राष्ट्रिय प्रजातन्त्र आ.वि. घेराबार | २,५०,०००/- | |
| १०. | श्री जालपा मा.वि. घेराबार | ४,००,०००/- | |
| ११. | नेपाल आमा समूह भवन छाना | १,२०,०००/- | |
| १२. | प्रशासकीय भवन पार्किङ व्यवस्थापन | ९,७०,०००/- | |
| १३. | धोद्रे सुनुवार खोला काठे पुल निर्माण | २५,०००/- | |
| १४. | तिन्तेफार-योनेम-भतेरे-वडा कार्यालय सडक ट्र्याक ओपन | २,००,०००/- | |
| १५. | मत गणनास्थल दृष्य अवलोकन प्रणाली (निर्वाचन आयोग) सामाग्री खरिद | ७,००,०००/- | |
| १६. | ई-हाजिरी विस्तारीकरण | २,००,०००/- | |

| | | | |
|---|---|---|---|
| १७. | मेसिनरी औजार तथा कम्प्यूटर जन्य सामाग्री खरिद | ५,००,०००/- | |
| १८. | सोरना बाकाचोल सडक सोलिङ | ३,५०,०००/- | |
| १९. | किरात राई साकेला नाँच प्रदर्शनी तथा व्यवस्थापन-महेश्वरी | ८०,०००/- | |

**८. सिकाइ केन्द्रको सहजकर्ता सरुवा सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल श्री बौद्व आ.वि., झाँक्रीबासमा कार्यरत तारा देवी बस्नेत (सिकाई केन्द्र सहजकर्ता) लाई श्री कालिका मा.वि., बाकाचोलमा सरुवा गरी खटाउने सर्वसम्मत निर्णय गरियो ।

**९. प्रशासकीय भवन सम्बन्धमा ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा ऐसेलुखर्क प्रशासकीय भवन निर्माण सम्बन्धी ठेक्का नं. ARM-KHO-03/2076-077/NCBको ठेक्का बद्दर भइ सकेको र उच्च अदालत पाटनद्वारा अल्पकालिन आदेश खारेज गरी कानून बमोजिम गर्नु भनी परमआदेश भएको हुँदा उक्त भवनको नियमानुसार प्राविधिक मूल्याङ्कन गरी निर्माण सम्बन्धी आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

**१०. विषेश गाउँसभा बस्ने सम्बन्धमा ।**

प्रस्ताव नं. १० माथि छलफल गर्दा ऐसेलुखर्क गाउँ कार्यपालिकाको विशेष गाउँसभा मिति २०७८ साल चैत्र २५ गते बोलाउने सर्वसम्मत निर्णय गरियो ।

**११. आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा Spaceport America द्वारा जुन २२ देखि २७, २०२२ मा आयोजना हुने Intercollegiate Rocket Competition मा सहभागी हुन SEDS-नेपालको अध्यक्ष ऐसेलुखर्क गाउँपालिका वडा नं.-१ का मोहन तामाङलाई आतेजाते प्लेनको टिकट बराबरको आर्थिक रकम विपद कोषबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।